**"सारस जोडी"को विहे प्रसङ्ग जस्तै हाम्रो राजनीतिक सहमती**

नेपाल कम्युनिष्ट पार्टी(एमाले) को केन्द्रीय कमिटीको छैटौं बैठकमा कमरेड केपी ओलीले एउटा कथा हाल्नु भयो । प्रसंग हाम्रो प्रिय 'सहमतीय' राजनीतिका लागि भएका प्रयत्नसंग सम्बन्धित थियो ।

कुनै समय रुसको "वैकाल" तालको वारी-पारी २ जोडी सारस बस्थे । एक दिन ती दुवै जोडी माथि "दैव"को 'टेडो' नजर परेछ, वारीको जोडीको भाले सारस मर्‍यो र पारीको पोथी । भाले सारसले निकै गम खाएर अब बाँकी जीवन कसरी कटाउने भन्ने बारे जुक्ति निकाले छ- किन पारीकी 'सारस्नी' लाई विहे नगर्ने?! यो जुक्ति आउन साथ एकदिन भाले सारस भुर्रर उडेर अर्को किनारामा झोक्राई रहेकी 'सारस्नी'लाई भेट्न गएछ र भनेछ- "हेर दैवको लिला कस्ले जान्दो रहेछ, नराम्रो भयो । तिम्रा प्रिय लोग्ने विते, मेरी प्यारी स्वास्नी ! अब रोएर कराएर केही हुनेवाला छैन । बाचुञ्जेल हाँसेरै जीवन विताउनु असल हो, मनको बह कस्लाई पो पोख्नु! तर न तिम्रो दिल अड्याउने ठाँउ छ, न मेरो । किन हामी दुई विहे गरेर फेरी नयाँ जीवन नथाल्ने...?!"

सारसले यत्ति के भन्न भ्याएको थियो सारस्नी आगो भई- "के ठानेका छौ ए पारीका सारस तिमीले? के म पटक पटक पोई खोज्ने पातर्नी हुँ? तिमी विना म बाँच्न सक्दिन भन्ने ठानेका छौ? जाऊ, यहाँबाट भागी हाल, अब आइन्दा यस्ता प्रस्ताव लिएर मेरा सामु देखा नपर्नु...!"

सारस निराश भयो- "मैले नचाहिंदो त्यस्तो के भनें र ती सारस्नी जङ्गिएकी होलिन?!" उसको साह्रै चित्त कट्टिएर आयो । बोझिलो मन बोकेर उ फर्कियो।

केही दिन बिते । सारस्नीको सम्झनामा पटक पटक "राँडो" सारसको प्रस्ताव नाच्न थाल्यो । एक दिन उसको मनले भन्यो- "ज्या म पनि कस्ती? सारसले त्यस्तो के नहुने कुरो भनेको थियो र म रन्किएकी? हो त नी, उस्को स्वास्नी मरी- एक्लो सारसको जीवन चल्छ कसरी? अनि म नी? एक्लै को सित मन बहलाउनु?! गल्ति मेरै हो, यत्ति राम्रो प्रस्ताव नकार्ने । उ तयारै छ, किन मैले फेरी प्रस्ताव नराख्ने?"

भुर्रर उडेर एका बिहानै सारस्नी पारी किनारामा गई सारसलाई भेट्न । एका विहानै सारस्नीलाई देखेर सारस छक्क पर्‍यो र नम्रतापूर्वक सोध्यो- "किन आएकी? अस्तिको रिस अझै मरेको छैन?"

"म नै उस्ती!" सारस्नीले भनी- "मेरो मति विग्रेको! तपाईको त्यती राम्रो प्रस्तावलाई लत्याएँ। हो त यत्ति लामो जीवन एक्ला एक्लै वित्ला कसरी!तपाईले त प्रस्तावै रख्नु भएको थियो- ठिकै छ, म तयार छु आउनोस् संगै घरजम गरौं!"

अब जङ्गिने पालो सारसको थियो । उ कड्कियो- "के ठानेकी छेऊ ए विधवा सारस्नी? के म पटक पटक मत फेर्ने सारस हुँ? त्यतिखेर भने तिमीले मेरो उछित्तो काट्यौ । अहिले फेरी

प्रस्ताव?! उहिलेको कुरा खुइलिए, अब हाम्रा विहेका कुरा पनि तुहिए । जाउ बाटो लाग- जसरी बाँच्न पर्छ बाँच!”

निरास सारस्नी फर्किई । २/४ दिन पछि सारसको मन फर्कियो र उ फेरी सारस्नीलाई प्रस्ताव राख्न पुग्यो । सारस्नी रिसाई, प्रस्ताव रद्द गरी दिई । सारस फर्कियो । फेरी केही दिनपछि सारस्नी गई ....।

यो क्रम केही समय चल्यो । सारस र सारस्नी दुवै बुढा भए र एक दिन मरे । उनीहरुको नयाँ घरजम गर्ने सपना कहिल्यै पुरा भएन ।

कमरेड ओलीले यो कथाको कपीराईट कमरेड वामदेवलाई दिनु भयो जुन वामदेवले माओवादी नेताहरुसंग गोकर्ण बैठकको वेलामा चर्चा गर्नु भएको थियो रे ।

हामी योकथा सुनेर केही वेर हाँस्यौं र गंभीर भयौं । नेपाली राजनितिक पार्टीहरु, विशेष गरी एमाले र माओवादीको भुमिका ‘सारस र सारस्नी’को जस्तै देखिंदै छ । यस्तै मिनी भूमिका नेपाली काँग्रेसको पनि छ ।

के हाम्रा दलहरुले यो कथाबाट पाठ पाठ सिक्लान ?!

(Bishnu Rimal: Posted in my blog at Feb 26, 2011)